नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय

International Labour Organization

unicef

बालबालिकाका तथा परिवार सुविधा • निवृत्तिभरण • सुत्केरी सुविधा • असक्तता सुविधा • बेरोजगार सुविधा • स्वास्थ्य सुविधा

# बालश्रम अन्त्यका लागि



# सामाजिक सुरक्षाको विस्तार



## बालश्रम विरुद्ध विश्व दिवस

## १२ जुन २०१४

## बालश्रम विरुद्ध विश्व दिवस

सामाजिक सुरक्षा मानवअधिकारको सुनिश्चितताका लागि र आर्थिक तथा सामाजिक विकासका लागि अर्थपूर्ण रहेकोछ । सामाजिक सुरक्षाले शिक्षा, स्वास्थ्य उपचार तथा पोषणमा पहुँच सुनिश्चित गर्नुका साथै बालश्रम विरुद्धको अभियानमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस वर्ष बालश्रम विरुद्ध विश्व दिवसले बालबालिकालाई बालश्रमबाट मुक्त राख्न तथा उनीहरुलाई त्यसबाट हटाउन सामाजिक सुरक्षाको भूमिका तर्फ सबैको ध्यानाकर्षण गरेको छ । सन् २०१३ मा ब्राजिलमा सम्पन्न तेश्रो बालश्रम विरुद्धको विश्वव्यापी सम्मेलनमा अन्तर्राष्ट्रिय समुदायले ब्राजिल घोषणापत्र ग्रहण गरेको थियो । सो घोषणापत्रमा वयस्कका लागि उचित रोजगारी, सबै बालबालिकाका लागि निःशुल्क, अनिवार्य तथा गुणस्तरीय शिक्षा र सबैका लागि सामाजिक सुरक्षाको आवश्यकतामा जोड दिइएको छ । यिनै प्राथमिकताहरुलाई प्रतिध्वनित गर्दै, बालश्रम विरुद्धको विश्व दिवस-२०१४ ले निम्नानुसारको कार्य गर्न आह्वान गर्दछ :

- सामाजिक सुरक्षा सतह सम्बन्धी आइ.एल.ओ. प्रस्ताव नं. २०२ अनुसारको सामाजिक सुरक्षा व्यवस्था ल्याउन, सुदृढ गर्न तथा विस्तार गर्नका निम्ति पहल
- बालबालिकाका आवश्यकताहरु प्रति संवेदनशील तथा बालश्रम प्रतिरोध गर्न सहयोग गर्ने राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीहरु
- विशेष गरी जोखिममा परेका बालबालिकाका समुहहरु सम्म पुग्न सक्ने सामाजिक सुरक्षा

## प्रगतिको गतिमा तीव्रता ल्याउने

सेप्टेम्बर २०१३ मा प्रकाशित भएको "अन्तर्राष्ट्रिय श्रम संगठनको विश्वव्यापी बालश्रम अनुमान" ले सन् २००० पछि बालश्रमिकको संख्या एक तिहाईले घटेको र २४ करोड ६० लाख बाट १६ करोड ८० लाख पुगेको जनाएको छ । सन् २००० मा जोखिमयुक्त श्रममा संलग्न बालबालिकाको संख्या १७ करोड १० लाख रहकोमा सो संख्या घटेर ८ करोड ५० लाख रहेको छ । यस मध्ये अधिकांश प्रगति सन् २००८ देखि २०१२ को बिचमा हासिल भएको थियो । यस अवधिमा विश्वव्यापी बाल श्रमिकहरुको संख्या २१ करोड ५० लाखमा ४ करोड ७० लाखले घटी १६ करोड ८० लाखमा झरेको थियो र जोखिमयुक्त श्रममा संलग्न बालबालिकाको संख्या, ११ करोड ५० लाखमा ३ करोडले घटी ८ करोड ५० लाखमा झरेको थियो । यो प्रगतिको बाबजूद पनि, सबै किसिमका बालश्रमको उन्मूलनका लागि विश्वव्यापी अभियानमध्ये प्राथमिकताको विषयको रुपमा निकृष्ट प्रकारका बालश्रम उन्मूलनका लागि अन्तर्राष्ट्रिय समुदायले निर्धारित गरेको सन् २०१६ को लक्ष्य भने हासिल हुने अवस्था छैन । यदि उक्त लक्ष्यलाई तुरुन्तै हासिल गर्ने कुनै किसिमको सम्भावना बारे सोच्ने हो भने हामीले हाम्रा प्रयत्नलाई यथेष्ट मात्रामा तीव्र र सशक्त बनाउन आवश्यक छ ।

> "हामी सही दिशामा हिँडिरहेका छौं तर प्रगतिको गति अझै पनि निकै सुस्त छ । यदि हामी निकट भविष्यमा बालश्रमको अभिषापको समाप्तिका लागि गम्भीर छौं भने सबै तहमा हुने प्रयासहरुमा ठोस बृद्धि तथा तीव्रता आवश्यक छ । यस कार्य गर्नका लागि १६.८ करोड राम्रा कारणहरु छन् ।"
>
> गाइ राइडर, महानिर्देशक, अन्तर्राष्ट्रिय श्रम संगठन

प्रगतिको गतिमा तीव्रता ल्याउनको लागि बालश्रमका मूल कारणहरुलाई सम्बोधन गर्ने कदमहरुको आवश्यकता हुन्छ र सामाजिक सुरक्षा त्यसप्रकारको सम्बोधनका लागि मुख्य अंश हो । सामाजिक सुरक्षाले बालबालिका तथा उनीहरुका परिवारहरुको संरक्षण गरी सबै बालबालिकालाई उनीहरुका सम्भावनाहरु पूर्ति गर्न समान अवसर प्रदान गर्दै स्वस्थ, सुखी तथा उत्पादनशील जीवन यापन गर्न मद्दत गर्छ ।

## सामाजिक सुरक्षा - बालबालिकालाई श्रमबाट मुक्त राखौं

विपन्नता तथा विपदले बालबालिकालाई श्रम तर्फ धकेल्न मुख्य भूमिका निर्वाह गर्दछ । विपन्न परिवारहरुले आधारभूत आवश्यकताहरुको पूर्ति गर्न तथा अनिश्चितताको सामना गर्नका लागि बाल श्रमको सहारा लिने सर्वाधिक सम्भावना हुन्छ । विपदको कारण परिवारको आय गुम्नाले पारिवारिक निर्णयहरुमा त्यस्तै प्रभाव पार्न सक्छ । उदाहरणका लागि, आर्थिक विपदहरु, जस्तै परिवारको वयस्कले रोजगारी गुमाउनु, गम्भीर रोग अथवा रोजगारीको क्रममा घाइते हुनु जस्ता स्वास्थ्य सम्बन्धी आघातहरु र कृषि सम्बन्धी विपदहरु जस्तै खडेरी, बाढी तथा असफल बालीले परिवारको आयमा निकै कमी ल्याउन सक्छ जसको कारण परिवारको आम्दानीमा सहयोग पुऱ्याउन बालबालिका विद्यालयबाट बाहिरिन तथा श्रममा जान सक्छन् ।

सामाजिक सुरक्षाको लक्ष्य विपन्न परिवारहरुलाई सहयोग गर्नु तथा विभिन्न विपदहरुको सामना गर्न मद्दत गर्नु हो । बाल श्रम प्रतिरोध गर्न सबैभन्दा उपयोगी सामाजिक सुरक्षा साधनमा निम्न कुराहरु पर्छन् :

- **नगद तथा सामाग्री सहयोग कार्यक्रमहरु :** यसले परिवारको आय सुरक्षालाई सुदृढ गर्छ र शिक्षा तथा स्वास्थ्य सुबिधामा पहुँच पुऱ्याउन सहजीकरण गर्छ, बालश्रम रोकथाम गर्न सहयोग गर्छ तथा बालबालिकालाई विद्यालय भर्ना गर्न र स्वास्थ्य जाँचका लागि लैजान प्रोत्साहित गर्छ ।

- **सार्वजनिक रोजगार कार्यक्रम** : यस किसिमको कार्यक्रमले वयस्कहरुलाई सडक, विद्यालय, स्वास्थ्य केन्द्र तथा अन्य निर्माण तथा सुदृढ गर्ने रोजगारीहारु प्रदान गरी बालबालिकाहरुलाई श्रमबाट अलग राख्न सुनिश्चित गर्छ ।
- **सामाजिक स्वास्थ्य सुरक्षा** : यसले अस्वस्थताको अवस्थामा स्वास्थ्य स्याहार तथा आर्थिक सुरक्षामा पहुँचको सुनिश्चितता गर्छ र परिवारहरुलाई कुनै सदस्य रोगी हुँदा बालबालिकालाई श्रममा पठाउने कामबाट रोक्न सक्छ ।
- **मातृ शिशु सहयोग** : गर्भवती महिला तथा हालै जन्म दिने महिलाहरुको संरक्षण गर्ने तथा नवजात शिशुको स्याहार गर्ने सहयोगले मातृ तथा शिशु स्वास्थ्य सुधार तथा आमाको गुमेको आयको क्षतिपूर्तिका लागि परिवारका ठूला बालबालिकाले श्रममा जानु पर्ने अवस्था टार्नका लागि मुख्य भूमिका खेल्छ ।
- **अपांगता भएका व्यक्ति तथा रोजगारीबाट घाइते वा रोगी भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षा** : यस किसिमको सहयोगले परिवारहरुलाई बालश्रमको आश्रय लिनबाट रोक्छ ।
- **बृद्धावस्थामा आय सुरक्षा** : बृद्ध व्यक्तिहरुलाई निवृत्ति भरण प्रदान गर्नाले समग्रमा परिवारको आर्थिक सुरक्षामा योगदान पुगी युवा पिंढीलाई संरक्षण गर्न सहयोग गर्छ ।
- **बेरोजगारी सुरक्षा** : वयस्कहरुलाई कम्तीमा आशिंक आय प्रतिस्थापना गर्ने यस किसिमको सहयोगले रोजगारी गुमेको अवस्थामा पनि बालश्रम माथि निर्भर हुनु पर्ने आवश्यकताको न्यूनीकरण गर्छ ।

यी साधनहरु एक अर्काका परिपूरक हुन् । नगद सहयोग तथा सेवाहरु बीच राम्रो समन्वय गरिनु पर्छ । बालश्रमको सम्बोधन गर्नको लागि एउटै सामाजिक सुरक्षा साधन पर्याप्त हुँदैन । राम्रोसंग निर्माण भएको सामाजिक सुरक्षा प्रणालीमा राष्ट्रिय प्राथमिकताहरुमा सबैभन्दा उपयुक्त ढङ्गले संयोजन गरिएका विविध कार्यक्रमहरु समेटिएका हुन्छन् ।

उपयुक्त लघु वित्त तथा लघु बीमा जस्ता कुशल तरिकाले निर्मित सामाजिक वित्तीय योजनाहरुले जोखिममा रहेका परिवारहरुले आफूलाई आवश्यक आर्थिक सहयोगहरु आफ्ना लागि बन्द नभएको अवस्थाको सुनिश्चितता गर्न महत्वपूर्ण परिपूरकको भूमिका निर्वाह गर्न सक्दछन् ।

## सामाजिक सुरक्षाको विस्तार मार्फत बालश्रमको सामना गर्ने

अन्तर्राष्ट्रिय श्रम संगठन को अनुमान अनुसार ५ अर्ब भन्दा बढी - विश्व जनसंख्याको लगभग ७३ प्रतिशत - मानिसहरुको पर्याप्त सामाजिक सुरक्षासम्म पहुँच छैन । सबैका लागि अधिकारको रुपमा आधारभूत सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी सहमतीलाई प्रतिविम्बित गर्दै सन् २०१२ मा अन्तर्राष्ट्रिय श्रम संगठन ले नयाँ प्रस्ताव (नं.२०२) अंगीकार गरेको छ । यसले मुलुकहरुलाई मानिसहरुको जीवनभर कम्तीमा अत्यावश्यक स्वास्थ्य स्याहार तथा आधारभूत आय सुरक्षा सुनिश्चित गर्नका लागि राष्ट्रिय सामाजिक सुरक्षा मञ्च तयार गर्न आह्वान गर्दछ । उक्त प्रस्तावले केही निश्चित आधारभूत सामाजिक सुरक्षाको सुनिश्चिततामा सर्वव्यापी पहुँच प्रदान गर्ने राष्ट्रिय स्तरका प्रयासहरुका लागि मूल खाका तथा प्रेरणा प्रदान गर्दछ ।

२०१३ को बालश्रम सम्बन्धी विश्व प्रतिवेदन (आर्थिक जोखिम, सामाजिक सुरक्षा तथा बालश्रम विरुद्धको अभियान) ले परिवारहरुलाई बालश्रमको आश्रय लिन बाध्य बनाउन सक्ने अन्तरनिहित आर्थिक तथा सामाजिक जोखिमहरुको सम्बोधनको महत्व माथि जोड दिएको छ । यसै अनुसार उक्त प्रतिवेदनले सामाजिक सुरक्षा मञ्च सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन प्रस्ताव नं. २०२ अनुसार सामाजिक सुरक्षा विस्तार गर्नुको महत्व माथि जोड दिएको छ । उक्त विश्व प्रतिवेदन केही सान्दर्भिक प्राथमिकताहरुलाई पहिचान गरेको छ :

- भविष्यका क्रियाकलापहरुलाई मार्ग निर्देशन गर्न कुन सामाजिक सुरक्षाको साधनले कस्तो परिवेशमा किन बालश्रम प्रतिरोध गर्न सहयोग गर्छ भन्ने बारे थप जानकारीको आवश्यकता ।
- सामाजिक सुरक्षा मञ्च सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन प्रस्ताव नं. २०२ अनुसारको राष्ट्रिय सामाजिक सुरक्षा मञ्च निर्माण गर्ने । स्वास्थ्य स्याहार तथा आय आर्जन सुरक्षाका साथै शिक्षा तथा अन्य आधारभूत सेवाहरुमा पहुँचले बालश्रम रोकथाम गर्ने ।
- सामाजिक सुरक्षा प्रणालीहरु बाल संवेदनशील रहेको सुनिश्चित गर्ने – बालबालिका जन्मिन पुगेका अथवा बाह्य परिवेशका कारण पछि बाल्यकालमा प्राप्त गरेका विशिष्ट सामाजिक बेफाइदा, जोखिम तथा असुरक्षाहरुको सम्बोधन गर्ने ।
- बालश्रम माथि सामाजिक सुरक्षाको प्रभावलाई अत्याधिक बनाउन बाल संवेदनशील विशेषतया बालश्रम प्रति संवेदनशील सामाजिक सुरक्षा कार्यक्रमहरु निर्माण गर्ने ।
- एच.आइ.भि. र एड्सका कारण अनाथ भएका वा प्रभावित बनेका बालबालिका, आप्रवासी बालबालिका, सीमान्तकृत समूह तथा जनजाती र अन्य आर्थिक तथा सामाजिक बहिष्करणमा परेका समूहका बालबालिका लगायतका विशेष जोखिममा रहेका समूहका बालबालिकासम्म सामाजिक सुरक्षा पुग्ने कुरा सुनिश्चित गर्ने ।

## प्रतिबद्धताको निर्माण

सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय रणनीतिहरु तर्जुमा गर्ने र यथासम्भव धेरै जनसंख्यासम्म पुग्नका लागि राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीहरुको विस्तार गर्ने प्रमुख दायित्व सरकारमा निहित हुन्छ, यद्यपि श्रमिक तथा रोजगारदाताहरुका संगठनहरुको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। बालश्रमिकका सरोकारहरु राष्ट्रिय नीतिहरुको तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा समाहित गर्न र बालश्रमको थप प्रभावकारी ढंगले सम्बोधन सुनिश्चित गर्न सामाजिक साझेदारहरुले सरकारलाई सघाउन सक्छन् । ट्रेड युनियन तथा रोजगारदाताहरुले, परिवारको आय सुरक्षालाई बालश्रमको जोखिम विरुद्ध आवश्यक प्रतिरक्षाको रुपमा सघाउँदै, सामूहिक सौदावाजी मार्फत परिपूरक सामाजिक सुरक्षा योजनाहरुले सदस्य तथा उनीहरुका परिवारहरुलाई पर्याप्त तथा सुलभ सुरक्षा प्रदान गर्ने सुनिश्चित गर्न सक्छन् । अनौपचारिक अर्थतन्त्रको औपचारिकता तर्फको संक्रमणलाई सहयोग गर्नुले दीगो सामाजिक सुरक्षाको आधारशीलालाई सशक्तिकरण गर्नुका साथै कार्यस्थलहरुलाई बालश्रमबाट जोगाउँछ । अन्य सरोकारवाला समूहहरु (जस्तै पेन्सनभोगी, असक्तता वा विशेष स्वास्थ्य सुविधा आवश्यकता भएका व्यक्तिहरु) को प्रतिनिधि संगठनहरुलाई उचित तवरले राष्ट्रिय परामर्शहरुमा सहभागी गराइनुपर्छ। सामाजिक सुरक्षाले कसरी बालश्रमसँग लड्न योगदान गर्छ भन्ने कुरामा उनीहरुका सरोकारहरुको पनि प्रत्यक्ष सान्दर्भिकता रहन्छ ।

## बालश्रम विरुद्धको विश्वव्यापी अभियानलाई सशक्त बनाऔं, जुन १२ मा हामीसँग हातेमालो गरौं ।

बालश्रम विरुद्ध विश्व दिवसले बालश्रमलाई परास्त गर्नका लागि सचेतना तथा गतिविधिको प्रवर्द्धन गर्छ। विश्व दिवसको लागि सहयोग हरेक वर्ष बढ्दो छ र १२ जुन २०१४ मा हामी सरकारहरु, रोजगारदाता तथा श्रमिकहरुका संगठनहरु, गैर सरकारी संस्थाहरु तथा नागरिक समाज, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनहरु र बालश्रम विरुद्ध विश्वव्यापी अभियानमा रहेका सबैबाट अझ बृहत् सहयोगको अपेक्षा गर्दछौं ।

**हामी तपाई तथा तपाईको संस्थालाई २०१४ को विश्व दिवसमा सहभागी हुन आमन्त्रण गर्दछौं ।**

**बालश्रम विरुद्धको विश्वव्यापी अभियानमा हामीसँग सहभागीता जनाई यस अभियानको पक्षमा आवाज उठाऔं ।**


**थप जानकारीको लागि सम्पर्क :**

**आई. एल. ओ. कार्यालय (नेपाल)**

**धोविघाट-नयाँबाटो, ललितपुर**

**फोन : ९७७-१-५५५५७७७**

**फ्याक्स : ९७७-१-५५५०७१४**

**ईमेल :** kathmandu@ilo.org

**वेबसाईट :** www.ilo.org/kathmandu


# बालश्रम विरुद्ध विश्व दिवस

# १२ जुन २०१४


Made of paper awarded the European Union Eco-label, reg.nr FI/11/1, supplied by UPM.